# चुनौती र सम्भावनाहरूका बीच
# बहुभाषिक शिक्षा

नेपालमा बहुभाषिक शिक्षा लागु गर्नका लागि संवैधानिक, नीतिगत र कानुनी रूपमा सहज हुने देखिएको छ। विश्वासका साथ पूर्ण आशा गरेर इमान्दारपूर्वक लागि पर्ने हो भने बहुभाषिक शिक्षा कार्यक्रमलाई सफल, प्रभावकारी र दिगो बनाउन सकिन्छ । सरकारी र गैर-सरकारी स्तरमा सञ्चालित बहुभाषिक शिक्षा कार्यक्रमले अपेक्षाकृत सफलता हासिल नगरेतापनि सुरुआतका लागि सकारात्मक वातावरण भने विकास हुन थालेको छ। जुन परिकल्पना र विश्वासका साथ बहुभाषिक शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो, त्यो हुन नसकेतापनि निरास हुने र बहुभाषिक शिक्षा कार्यक्रम असफल भयो भन्नु अलि हतार हुनेछ।

विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय, दिगो बनाउनुका साथै सबैका लागि सर्वसुलभ बनाउनु पर्दछ। यो मान्यतालाई सबै तह र तप्काबाट स्वीकार गरिएको पाइन्छ । तर यसलाई कसरी समावेसी, सहज, गुणात्मक प्रभावकारी तथा दिगो बनाउने भन्ने कुरामा ठोस मान्यता र विश्वासको विकास भएको पाईदैन् । हाम्रो राष्ट्रिय आवश्यकता के हो ? राष्ट्रको विकासमा कस्तो खालको शैक्षिक पद्धति आवश्यक छ ? लिएका नीति, विकास गरिएका मान्यता र विश्वासका साथै शैक्षिक पद्धतिलाई समयानुकुल कसरी बनाउने भन्ने कुरामा विज्ञहरूको ध्यान पुग्न सकेको छैन् । यो क्रममा लगभग १५ वर्ष देखि विभिन्न शैक्षिक कार्यक्रममा संलग्न भएर काम गर्ने मौका पाएँ । यसले मलाई केहि प्रश्नहरूको उत्तर खोज्न प्रयत्नशील बनाएको छ। तरपनि मेरा अनुभवले के भन्छ भने "शिक्षामा जवसम्म दीर्घकालिन राष्ट्रिय दृष्टिकोण बन्न सक्दैन्, तबसम्म जतिसुकै राम्रा कार्यक्रम, योजना र कार्यान्वयन गरिएतापनि त्यसले प्रभावकारी उपलब्धी हासिल गर्न सक्दैन् ।" त्यहि परिस्थितिकाबीच आज हामी बहुभाषिक शिक्षा कार्यान्वयन गर्ने चरणमा छौ।

विभिन्न अनुसन्धान, विज्ञहरूको विचार र अभ्यासहरूले विद्यालय शिक्षाको सुरुको चरणमा प्रयोग गरिने माध्यम भाषा विद्यार्थीहरूको घरको भाषा (मातृभाषा) नै हुनुपर्दछ भनेको पाइन्छ। मातृभाषाबाट आधारभूत शिक्षा सुरु गर्दै बिस्तारै थप भाषाहरूको प्रयोग गरेर शिक्षण क्रियाकलाप गर्न सकियो भने शैक्षिक उपलब्धी प्रभावकारी र दिगो हुन सक्तछ । यसका लागि सबै सरोकारवालाहरूलाई विश्वस्त बनाउन सक्नु पर्दछ । त्यसमा पनि खासगरी आभिभावकहरूलाई उनीहरूका बालबालिकाहरूको शैक्षिक उपलब्धी प्रभावकारी स्तरीय, गुणात्मक र सिकाइलाई दिगो र जीवनोपयोगी बनाउन मातृभाषा लगायत अन्य भाषाहरू (अन्य मातृभाषा, नेपाली, अङ्ग्रेजी) को प्रयोग अनिवार्य छ भनेर बुझाउनु पर्दछ। जवसम्म अभिभावकहरूलाई सकारात्मक बनाउन सकिदैन् तवसम्म अहिले हामीले लागु गर्न खोजेको बहुभाषिक शिक्षा कार्यक्रमले अपेक्षाकृत उपलब्धी हासिल गर्ने सम्भावना देखिदैन् । शिक्षक तथा कर्मचारीलाई तलब तथा सुविधा दिएको कारणले नैतिक दबाव दिएर काम लगाउन सकिएतापनि अभिभावकको हकमा नैतिक दबावले काम गर्न सक्ने अवस्था छैन् ।

विगतको अनुभव र वर्तमानको क्रियाकलापले भविष्यका लागि कस्तो योजना बनाउने भन्ने कुरामा निर्देशित गर्ने गर्दछ। यहि कुरालाई मध्यनजरमा राखेर यहाँ विगत र वर्तमानको वस्तुनिष्ठ समिक्षा गर्दै मातृभाषामा आधारभूत शिक्षा (बहुभाषिक शिक्षा) को वास्तविक अवस्थाहरू, यसका अगाडि आइपरेका चुनौतीहरू तथा भविष्यमा देखा पर्न सक्ने सम्भावनाहरूको बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ। यसको चर्चा गर्नुभन्दा अगाडि हामीले यो भनाइलाई पनि मनन गर्नु पर्ने भएको छ । "Every child must grow into this beautiful world of many languages capable of nurturing and liberating and expanding, enrooting and emancipating. But how do we foster such growth? Multilingual education shows the way." [१] बहुभाषिक शिक्षा कार्यक्रमले आज प्रत्येक बालबालिकाहरूलाई शिक्षाको मूलधारमा समाहित गर्दै गुणस्तरीय शिक्षा दिने राम्रो वातावरण बनाउन सक्छ। यसो भनिएतापनि व्यावहारिक रूपमा

[१] *Ajit Mohati, A Bridge too Far, Multilingual Education for Social Justice*

सैद्धान्तिक पक्षहरूलाई सबै ठाउँमा उही रुप र सारमा लागु गर्न सकिदैन् भन्ने अनुभव गर्ने मौका पाएकाले नक्कल गरेर कार्यक्रम बनाउने र लागु गर्ने परम्पराबाट हामी मुक्त हुनु पर्दछ।

अहिले नै सफल नमुना बहुभाषिक शिक्षा कार्यक्रम सञ्चालन गर्न हामीले विगतमा सञ्चालन गरेको कार्यक्रमका बलिया पक्षहरू, कमजोरीहरू, भविष्यमा सामना गर्नु पर्ने चुनौतीहरू र अवसरहरूको बारेमा निष्पक्ष र इमान्दार विश्लेषण गरिनु पर्दछ। यसका साथसाथै भोलिका सम्भावनाहरू केके छन ठीक र व्यवहारिक लेखाजोखा गर्नुपर्दछ।

बलिया पक्षहरू
- संविधान, नीति नियम, कानुन र सरकारी संयन्त्र सकारात्मक हुँदै आउनु
- बहुभाषिक शिक्षा कार्यक्रमको बारेमा विभिन्न स्तरमा गोष्ठी, छलफल र अन्तरक्रिया हुनु
- विभिन्न दातृ निकायहरू बहुभाषिक शिक्षा कार्यक्रमका लागि लगानी गर्न ईच्छुक देखिनु
- शिक्षाविद् तथा भाषा विशेषज्ञहरूले बहुभाषिक शिक्षा कार्यक्रमको बारेमा चासो देखाउनु
- शिक्षक, अभिभावक तथा स्थानीय समुदायहरू आंशिक रूपमा केहि सकारात्मक हुनु

कमजोरीहरू
- नीति नियम र कानुनको कार्यान्वयन फितलो
- शिक्षा क्षेत्रका सरोकारवालाहरूले समन्वय गरेर काम गर्न नसक्नु
- तालिम तथा गोष्ठीहरूमा शिक्षक तथा अभिभावकहरूले समान अवसर नपाउनु
- बहुभाषिक शिक्षा कार्यक्रमको बारेमा सबै सरोकारवालाहरूलाई ठीक ढङ्गले बुझाउन नसक्नु
- उपलब्ध आर्थिक तथा अन्य श्रोतहरूको वितरण र प्रयोग प्रभावकारी नहुनु
- सबै शिक्षकहरूलाई तालिम तथा अन्य अवसरहरूमा समान सहभागिता गराउन नसक्नु
- विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिको क्षमता विकासमा जोड दिन नसक्नु
- सरकारी तहबाट कार्यक्रमलाई सहयोग, अनुगमन र पृष्ठपोषण नहुनु
- बहुभाषिक कार्यक्रमलाई समावेसी बनाउन नसक्नु
- शैक्षिक प्रणालीमा एकरुपता ल्याउन प्रयास नहुनु
- सरकारी र निजी खालका शैक्षिक कार्यक्रम लागु भइ रहनु
- एक्काइसौ सताब्दीमा राष्ट्रिय आवश्यकतालाई केन्द्रमा राखेर शैक्षिक कार्यक्रम तय नहुनु
- पद, सुविधा र मानसम्मानको लोभमा परेर विज्ञहरू आफ्नो क्षमतालाई बन्धक राख्नु
- दातृ निकायबाट नियमित सहयोग पाउनका लागि गलत तथ्याङ्क प्रयोग गरेर प्रतिवेदन लेखिनु
- कार्यक्रमको प्रभाव राम्रो देखाउनका लागि विद्यालय, शिक्षक तथा व्यवस्थापन समितिलाई आर्थिक लाभ दिएर वा प्रलोभनमा पारेर काममा लगाउनु
- गैर-सरकारी सङ्घसंस्थाहरूलाई नयाँ विद्यालय खोल्न र सञ्चालन गर्न अनुमती दिनु

चुनौतीहरू
- सरकारी निकायहरूबीच समन्वयको अभाव
- बहुभाषिक शिक्षा कार्यक्रमको बारेमा सराकारवालाहरूबीच भिन्न बुझाइ र मान्यता
- स्थानिय समुदाय तथा शिक्षकहरूमा बहुभाषिक शिक्षा कार्यक्रमको बारेमा द्विविधा
- भाषिक आन्दोलनमा लागेका पक्षहरूले भाषा र लिपि बीचको फरक बुझ्न बुझाउन नसक्नु
- माध्यम भाषा यसको रूपान्तरण र भाषा शिक्षण के, किन र कहिले भन्ने बारेमा अन्यौल
- तालिम प्राप्त जनशक्तिले अवकास पाउने र सरुवा हुने परिस्थिति
- प्राय शिक्षकहरूमा विद्यार्थीहरूलाई उनीहरूको रुचि अनुसार सिकाउने र सिक्ने बानी नहुनु
- दक्ष, सक्षम र सिकारू भाषा शिक्षकहरूको अभाव
- बालकेन्द्रत पाठ्यक्रम र राम्रा सान्दर्भिक पाठ्यसामग्रीहरूको विकास गर्नमा ध्यान नदिनु

- अभिभावकहरू आफ्ना बालबालिकाहरूलाई अङ्ग्रेजी भाषाको माध्यमबाट पढाउन चाहनु
- शिक्षक, विद्यालय र श्रोतहरूको व्यवस्थापनमा राजनैतिक हस्तक्षेप र दुरुपयोग हुनु
- राष्ट्रको आवश्यकता अनुरूप बहुभाषिक शिक्षा कार्यक्रमलाई परिभाषित र व्यवस्थित निर्णय तहमा बसेका पक्षहरूले बाह्य प्रभावमा परेर निर्णय गर्ने प्रवृति र निर्णय गर्ने

अवसरहरू
- एकल राष्ट्रिय शैक्षिक नीति निर्माण गर्न
- शिक्षालाई गुणस्तरीय, व्यावहारिक र वैज्ञानिक बनाउन
- शिक्षालाई समावेसी र विभेदरहित बनाउन
- शिक्षामा राज्यले लिएको राष्ट्रिय उद्देश्यहरू पुरा गर्न
- सबैका लागि शिक्षा कार्यक्रमका लक्ष्यहरू पुरा गर्न
- शिक्षामा भाषाहरूको प्रयोगबाट हाम्रा भाषा तथा संस्कृतिहरूको संरक्षण र विकास गर्न
- नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्न
- असल नागरिक र उत्पादनशील जनशक्तिको विकास गर्न
- द्वन्द्व न्यूनिकरण गर्दै समाजलाई शान्तिपूर्ण, लोकतान्त्रिक र अग्रगामी रूपान्तरण गर्न

अन्त्यमा शिक्षा क्षेत्रका सबै सरोकारवालाहरूलाई खासगरी शिक्षक तथा स्थानीय समुदायलाई बढी चेतनशील, सकारात्मक र सहयोगी बनाउनु पर्दछ । हामीले जुनसुकै क्षेत्रबाट गरिने शैक्षिक कार्यक्रमले राज्यको शैक्षिक कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्नका लागि सहयोगीको भूमिका खेल्न सक्नुपर्दछ। बौद्धिक जनमतले पनि राष्ट्र र जनताको हितलाई कुठाराघात गर्ने गरी आफ्नो प्रभाव र क्षमताको प्रयोग गर्ने गराउने वातावरणबाट विद्रोह गर्न सक्नु पर्दछ। विद्यालय शिक्षाको कम्तीमा १२ कक्षासम्म शिक्षक तथा विद्यार्थीहरूले विद्यालयमा कुनै पनि राजनैतिक क्रियाकलाप गर्नबाट रोक लगाउन सबै राजनैतिक दलहरू सकारात्मक, इमान्दार र सहयोगी हुनुपर्दछ। धन्यवाद।



© पुष्कर कडेल
कार्यक्रम निर्देशक
भाषा विकास केन्द्र नेपाल
मितिः २०६७/०४/१८ (०३ अगष्ट २०१०)
इमेलः kadel_ldc4@wlink.com.np
pushker.kadel@gmail.com